**मिति २०८३/०१/१० गतेको कार्यपालिका बैठकका निर्णय**

**निर्णय नं. १**

सैनामैना नगरपालिकाको वडा नं. १० सालझण्डी बजारमा पर्ने ढोरपाटन बसपार्क र पानवारी बस्ती एवं हाटवजार जोड्ने कञ्चन नदीमा आवतजावतको सहज व्यवस्था नभएकाले र पैदल हुँदै नदी तर्दा जोखिम समेत रहेकाले उक्त स्थानमा झोलुङ्गे पुलको लागि बजेट व्यवस्था हुन स्थानीय पूर्वाधार विभाग, स्थानीय पूर्वाधार आयोजना कार्यालय बुटवललाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

सैनामैना नगरपालिका अन्तरगतका तपसिलका योजनाहरु आ.व. २०८३/०८४ मा सञ्चालन गर्नका लागि आवस्यक बजेट व्यवस्थापन गर्न स्थानीय पूर्वाधार विभाग, स्थानीय पूर्वाधार आयोजना कार्यालय बुटवललाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

१. सैनामैना रिङ्गरोडको सुकौली खोलामा पक्कि पुल निर्माण सैनामैना ३ रुपन्देही ।

२. रन्यौरा झारवैरा खकनपुर रिङ्गरोडसम्म सडक कालोपत्रे निर्माण सैनामैना २ र रुपन्देही ।

**निर्णय नं. ३**

लुम्विनी प्रदेश योजना आयोगको मिति २०८२/१२/२७ को सूचना बमोजिम प्रदेश विशेष कार्यक्रम सञ्चालन कार्यविधि २०७६ (दोस्रो संशोधन २०८१ समेत) बमोजिम आ .व. २०८३/०८४ का लागि देहाय बमोजिमका आयोजनाहरु प्राथमिकीरण गरी स्वीकृतिका लागि लुम्विनी प्रदेश योजना आयोगमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

देहायः

| क्र स | आयोजनाको नाम | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सैनामैना नगरपालिका सामुदायिक विद्यालयको लागि फर्निचर खरिद | ३९८३२५०.०० | |
| २ | पशुपति माध्यमिक विद्यालयमा पेभिङ्ग तथा पुर्वाधार निर्माण | ३९९१३३२.६१ | |

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

**मिति २०८३/०१/१० गतेको कार्यपालिका बैठकका निर्णय**

**निर्णय नं. ४**

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८२/१२/२७ को सूचना बमोजिम प्रदेश समपुरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) बमोजिम आ.व. २०८३/०८४ का लागि देहाय बमोजिमका आयोजनाहरु प्राथमिकीरण गरी स्वीकृतिका लागि लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

देहाय:

| क्र स | आयोजनाको नाम | लागत सहभागिता | | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | नगरपालिका | प्रदेश सरकार | | |
| १ | वडा नं. ३ वडा कार्यालय जाने सडक कालोपत्रे | १३८३४४२७.०० | ९२२२९४९.७३ | २३०५७३७६.७३ | |
| २ | वडा नं ३ र ८ को स्थित हाट बजार पहुचमार्ग एवं पुर्वाधार निर्माण पूर्वाधार निर्माण | २०२७१९९५.०० | १३५१४६६२.७४ | ३३७८६६५७.७४ | |

**निर्णय नं ५**

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (ज) को (२) बमोजिम र प्रचलित नगर शिक्षा ऐन र नियमावली वमोजिम कक्षा थप अनुमतिका लागि पेश भएका देहायका विद्यालयहरुलाई देहाय बमोजिम अनुमति दिने निर्णय गरियो।

तपसिल

१. रेन्बो मन्टेश्वरी स्कुल सैनामैना ७ रुपन्देही, ७ कक्षा थप ।

२. विज्डम एकेडेमी सैनामैना ५ लाई कक्षा १ (निजी शैक्षिक गुठीको रुपमा) ।

**निर्णय नं ६**

आ.व. ०८२/०८३ को नदीजन्य पदार्थ निकासी हुने सडक नाका मर्मत शिर्षकको रकमबाट नदीजन्य पदार्थ निकासी हुने सम्वन्धित वडाको सडक मर्मतका लागि तपसिल बमोजिम बाँडफाँड गर्ने गर्ने निर्णय गरियो।

१. घमाहा नदी, सैनामैना वडा नं. ३ रु.२०००००।-
२. इगुरिया नदी, सैनामैना वडा नं. ६ रु.७९००००।-
३. इगुरिया नदी, सैनामैना वडा नं. ८ रु.७९००००।-
४. इगुरिया नदी, सैनामैना वडा नं. ९ रु.७९००००।-
५. कञ्चन नदी, सैनामैना वडा नं. १० रु.१०७५०००।-
६. कञ्चन नदी, सैनामैना वडा नं. ११ रु.३४५०००।-

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

**मिति २०८३/०१/१० गतेको कार्यपालिका बैठकका निर्णय**

## निर्णय नं ७

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ९८ मिति २०८२/०१/०३ को पत्रबाट गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गिकरणको पुनरावलोकन सम्वन्धी मापदण्ड, २०८३ को प्रारम्भिक मस्यौदा सम्वन्धी राय सुझाव उपलब्ध गराउने सम्वन्धी पत्रको जानकारी भयो।

## निर्णय नं ८

समृद्धिका लागि वन परियोजना अन्तरगत निजी तथा सार्वजनिक जग्गामा वृक्षा रोपण अनुदानका लागि सूचना प्रकाशन सम्वन्धमा जानकारी भयो ।

## निर्णय नं ९

सैनामैना नगरपालिका वडा नं. ६ स्थित पूर्व पश्चिम राजमागर र लुम्विनी रोडमा पर्ने कलौनी चोकमा जडान भएको हाइ मास्क लाईटको विद्युत मिटर दुधराक्ष युवा क्लवको नाममा रहेको र शान्ति सुरक्षा समेतको आधारमा उक्त हाइ मास्कलाईट आवस्यक भएकोले २०८३ असार मसन्तसम्मको विधुत विल अनुसारको रकम पानी तथा विजुली शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

वडा नं. ४ को पत्रानुसार सैनामैना नगरपालिका मुर्गिया दैनिक जसो सडक दुर्घटना हुने हुँदा ति दुर्घटनाहरुलाई समेत न्यूनिकरण गर्न इलाका प्रहरी कार्यालय र लुम्बिनी गेट सहित मुख्य सडकहरुलाई मध्यनजर गरी सैनामैना ४ को विपद् व्यवस्थापन शिर्षकबाट जडान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

चालु आ.ब. मा विनियोजन भएका तपसिलका वडागत योजनाहरुको नाम संशोधन गरिदिन वडा कार्यालयबाट निर्णय भइ आएका तथा विषयगत शाखाबाट समेत संशोधनका लागि पेश भएका योजना तथा कार्यक्रमलाईतपसिल बमोजिम कार्यक्रम संचालन गर्ने गरी योजना संशोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | कार्यक्रम | विनियोजित रकम | संशोधित कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | ७ | शिवशक्ति टोल दुर्गा मन्दिरको दक्षिण पश्चिमतर्फ गेवियन जाली सहित जग्गा संरक्षण | १५०००० | शिवशक्तिटोल दुर्गा मन्दिर पथ हुँदै मन्दिर जाने बाटो स्तरोन्नती | १५०००० |

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २ | मनकामना टोल भु.पु. सैनिक पथ, विहानी र हरियाली टोलको बिचबाट रानिवगिया पथ कालोपत्रेबाटो मर्मत | ७००००० | रानिवगिया देखि रिङ्गरोड जोड्ने सडक ढलान रानिवगियापथ | ७०००००० |
| ३ | ६ | वुद्ध चोकमा हाइमाक्स लाईट मर्मत तथा व्यवस्थापन | १५०००० | दुर्गा भैरव मन्दिर सिडि तथा अन्य पूर्वाधार निर्माण | १५०००० |

## निर्णय नं १२

सैनामैना नगरपालिका आ.व. २०८२/८३ खर्च शिर्षक २२५२२ को दलित लक्षित सिप विकास कार्यक्रम रु.८०००००।- बाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

देहाय

| सि नं. | कार्यक्रम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | ड्राइभिङ्ग तालिम | ३००००० | |
| २ | जुत्ता तथा चप्पल बनाउने तालिम | २००००० | |
| ३ | उद्घोषण तालिम | १५०००० | |
| ४ | जातिय विभेद तथा छुवाछुत विरुद्धको अभिमुखिकरण कार्यक्रम | १५०००० | |

## निर्णय नं १३

आ.व. २०८२/८३ को कृषि तर्फ विनियोजित खर्च शिर्षक विभिन्न वालिमा लाग्ने रोग किरा सम्वन्धी जानकारीमूलक बुकलेट छपाइ शिर्षकमा विनियोजित रकम रु २०००००।- लाई ५० प्रतिशत अनुदानमा उन्नत (धान गहुँ मकै च्याउ र दाल) को विउ वितरण कार्यक्रम ढुवानी सहित शिर्षकमा थप गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

## मिति २०८३/०१/१० गतेको कार्यपालिका बैठकका निर्णय

### निर्णय नं १४

नगर क्षेत्र भित्रका देहायका विभिन्न स्थानहरुमा खोलाको कटान तथा डुवानका कारण तत्काल निर्माण नगरी नहुने र समयमै निर्माण हुन नसके विपद् जोखिम उच्च हुने देखिएकोले थप क्षति हुन नदिन सोको तत्कालै निर्माण कार्य अगाडी बढाउन अपरिहार्य भएकोले तपसिलका योजनाहरु मर्मत सम्भार कोष शिर्षकबाट कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

१. घमाहा खोलाको पश्चिम तर्फ तटवन्धका रु. २२७०००।-

२. प्रगतिटोल अन्टरगत तुलवुलिया नदी तटवन्ध (ग्यावियन जालि लगाउने कार्य) रु.२७५५८२।–

३. सालझण्डी हाटवजारमा सरसफाई कार्य रु.१०६०००।-

### निर्णय नं १५

सैनामैना नगरपालिका वडा नं. ७ को आधारभूत स्वास्थ्य केन्द्रको रङरोगन र मर्मतका लागि मर्भत सम्भार कोषबाट लागत अनुमान बमोजिमको रकम विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

### निर्णय नं १६

सैनामैना नगरपालिका वडा नं. ४ का विभिन्न सडक स्तरोन्नतीका लागि भएको ठेक्का नं. NCB/12/082/083 को वचत रकमबाट सोही वडाका अन्य विभिन्न सडकको स्तरोन्नतीका लागि विनियोजन गर्ने निर्णय गरियो।

### निर्णय नं १७

सैनामैना नगरपालिका संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धी मापदण्ड, २०८२ बमोजिम गर्ने गरी पूर्व स्वीकृति दिने निर्णय गरियो ।

### निर्णय नं १८

सैनामैना नगरपालिकामा पर्ने सालझण्डी ढोरपाटन सडकको मापदण्ड भित्रका संरचनाहरु हटाउने प्रकृया अगाडि वढाउनका लागि मापदण्ड भित्रका संरचना हटाउन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

**मिति २०८३/०१/१० गतेको कार्यपालिका बैठकका निर्णय**

## निर्णय नं १९

सैनामैना नगरपालिका आ.व. २०८२/८३ खर्च शिर्षक ३११५९ को एक वडा एक पोखरी संरक्षण एवं विस्तार रु.१००००००।- बाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

देहाय

| सि नं. | कार्यक्रम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | आमि सामुदायिक पोखरी मर्मत तथा संरक्षण सैनामैना | ५००००० | |
| २ | दक्षिण बरौली पोखरी संरक्षण तथा मर्मत सैनामैना ११ | ५००००० | |

## निर्णय नं २०

सैनामैना नगरपालिका आ.व. २०८२/८३ खर्च शिर्षक ३११५९ को लेडुवा पोखरी तथा मेगाहा ताल सैरक्षण तथा पूर्वाधार निर्माण रु.२००००००।- बाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

देहाय

| सि.नं. | कार्यक्रम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | लेडुवा पोखरी संरक्षण तथा पूर्वाधार निर्माण सैनामैना ४ | १०००००० | |
| २ | मेघाहा ताल संरक्षण तथा संरक्षण तथा पूर्वाधार निर्माण सैनामैन ६ | १०००००० | |

## निर्णय नं २१

सैनामैना नगरपालिकाको आवधिक योजना तथा र मध्यमकालीन खर्च संरचनामा समावेश भएका तपसिलका योजनाहरु संघीय सरकार तथा प्रदेश सरकारमा माग गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | ठेगाना |
|---|---|---|
| **सिंचाई तर्फ** | | |
| १ | ईंगुरिया सिंचाई प्रणाली सुधार | सैनामैना ६,८ र ९ |
| २ | पहिला खोला सिंचाई प्रणाली सुधार | सैनामैना १० र ११ |
| ३ | कन्चन सिंचाई प्रणाली सुधार | सैनामैना १० र ११ |
| ४ | बमाहा खोला सिंचाई प्रणाली सुधार | सैनामैना १ र २ |
| ५ | बहुउद्देश्यीय काली रह सिंचाई योजना | सैनामैना ३ र ५ |
| **सडक** | | |
| १ | रन्यौरा झारबैरा खंकनपुर रिङ्ग रोड सम्म सडक कालोपत्रे निर्माण | सैनामैना ४ र २ |
| २ | वुद्धनगर गडवा रिङ्गरोड सडक | सैनामैना ५ |

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## मिति २०८३/०१/१० गतेको कार्यपालिका बैठकका निर्णय

### निर्णय नं. २२

सैनामैना नगरपालिकाको इन्जिनयर पदमा कार्यरत श्री सुरज न्यौपानेले निजको आमा गोफा न्यौपानेलाई मिति २०८२/१०/२० गते टाउकोमा पहिलो पटक sub Arachiod Hemorrhage (SCU) भइ पाल्पा प्रवास स्थित मेडिकल कलेज, बुटवल एडमण्ड सिटी अस्पताल हुँदै लुम्बिनी प्रादेशिक अस्पतालमा लामो समय उपचार गरी डिस्चार्ज भएको र पुन मिति २०८२/११/१७ गते टाउकोमा Attack हुँदा सोही वखत आमा मृत्य भएको, आमाको टाउकोको लामो समय उपचार गर्दा खर्चिलो भइ उक्त रकम तिर्न सक्ने अवस्था नभएकोले उपचार खर्चका लागि सहयोग पाउँ भनि आर्थिक सहायता माग गर्नु भएकोमा नीजलाई आमाको उपचारमा भएको खर्चको लागि आर्थिक सहायता शिर्षकबाट रु.१०००००।- उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner